(क) पीडितलाई तत्काल उद्दार गर्नुपर्ने भएमा, सवारी साधन प्रयोग गर्नुपर्ने भए सवारी साधनबाट यात्रा गर्दा लाग्ने भाडा रकमको अतिरिक्त खाना, खाजा र बास समेत प्रति व्यक्ति दरले बढीमा ४०००/- रुपैंया सम्म,

(ख) पीडितलाई अस्पतालमा भर्ना गरी औषधी उपचार गर्नुपर्ने भएमा अस्पताल आउदाँ जादाँ सवारी साधन प्रयोग गर्नुपर्ने भए सवारी साधन प्रयोग गर्दा लाग्ने भाडा रकमको अतिरीक्त खाना, खाजा, र बास समेत प्रति व्यक्ति प्रतिदिन रु एक हजारका दरले तीन दिनको र उपचार खर्च समेत गरी बढिमा ६०००/- रुपैयाँ,

(ग) कानुनी सहायता, मनोवैज्ञानिक उपचार वा मनोविमर्शका लागि ५०००/- नबढ्ने गरी वा लागेको यथार्थ खर्च,

(घ) कुनै व्यवसाय गर्नको लागि स्वरोजगारका लागि व्यवसाय स्थापना अनुदान समेत गरी बढीमा १५०००/- रुपैयाँ,

(ङ) पुनर्स्थापनाको लागि बढीमा १५०००/- रुपैयाँ,

(च) समितिले तोके बमोजिमको अन्य कामको लागि कामको प्रकृती हेरी बढीमा १०,०००/- रुपैयाँ,

(२) उपदफा (१) बमोजिमक रकम अपर्याप्त भएको मनासिव आधार र प्रमाण सहित कुनै पीडितले समितिमा निवेदन दिएमा र सो व्यहोरा मनासिव देखिएमा त्यस्तो पीडितलाई ५०००/- रुपैयाँमा नबढ्ने गरी मनासिव रकम थप गरीदिन सक्नेछ।

(३) उपदफा (१) बमोजिमको सुविधाको हकमा पिडितले समितिले पिडाको गम्भिरता हेरेको र प्रमाण बुझेको आधारमा समितिको निर्णय बमोजिक नदोहोर्याई मात्र सुविधा पाउनेछ।

**११. राहत तथा आर्थिक सहयोग प्राप्त गर्न निवेदन दिनु पर्ने :** (१) यस कार्यविधि बमोजिम राहत तथा आर्थिक सहयोग प्राप्त गर्न चाहने पीडित वा सरोकारवाला व्यक्तिले राहत तथा आर्थिक सहयोग पाउनु पर्ने मनासिव कारण खुलाई अनुसूची १ मा उल्लेख भए बमोजिमको ढाँचामा समिति समक्ष निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त भएको निवेदन जाँचबुझ गर्दा पीडितलाई राहत तथा आर्थिक सहयोग गर्नु पर्ने देखिएमा समितिले दफा ११ को अधिनमा रही पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनेछ।

